City of Grand Rapids, Michigan

OFFICE OF THE MAYOR

ROSALYNN C. BLISS
MAYOR

नमस्कार साथीहरू तथा छिमेकीहरू! हामी सबैले स्थानीय र राष्ट्रिय रूपमा हाम्रो इतिहास कै चुनौतीपूर्ण, अप्रत्याशित र उत्कण्ठित समयको अनुभव गरिरहेका छौं। समाचार र अद्यावधिकहरू हामीले धारण गर्न सक्ने क्षमताभन्दा द्रुत रूपमा आइरहेका छन् र हामी सबैजना कुनै न कुनै रूपमा यसबाट प्रभावित छौं। हामी यो चुनौतीको सामना गरिरहँदा, Grand Rapids ले हाम्रो क्षमतामा सहायता पुऱ्याउन सक्छ: एकसाथ काम गरेर। यो समय हामीले सुरक्षित रहन र जीवनहरू बचाउन एक अर्कालाई सहायता गर्न हाम्रो कर्तव्य निभाउने समय हो।

मलाई थाहा छ कि यो गाह्रो छ तर हामीले सामाजिक दूरी राख्ने, सम्भव भएसम्म घरमा नै बस्ने (विशेष गरी हामी बिरामी हुँदा), सामाजिक जमघटहरूमा नजाने र अनावश्यक यात्रालाई स्थगित गर्ने सुझावहरूको पालना गर्न महत्त्वपूर्ण छ। यी गाह्रो कामहरू हुन् तर यिनीहरू आवश्यक छन्।

तपाईंले सुन्नुभएकै होला, हाम्रो अहिलेको उद्देश्य सामान्य छ: COVID-19 निम्त्याउने भाइरसलाई समुदायमा फैलनबाट कम र रोकथाम गर्न मद्दत गर्नु हो। यसले हाम्रा अतिसंवेदनशील व्यक्तिहरूलाई सुरक्षित रहन र हाम्रा स्वास्थ्य प्रणालीहरूलाई बिरामीहरूको स्याहारका लागि आफ्नो क्षमता कायम राख्न सुनिश्चित गर्न मद्दत गर्दछ। अन्यथा, हाम्रो जस्तो आदर्श स्वास्थ्य स्याहार प्रणाली पूर्णतया पराजित हुन सक्छ।

सिटीका हाम्रा असाधारण स्टाफले हाम्रो प्रतिक्रियाद्वारा काउण्टी, राज्य र संघीय अधिकारीहरूसँग सहकार्य गर्न जारी राख्छन्। यो अवस्था प्रत्येक घण्टा परिवर्तन भइरहने प्रमाणित भएको छ र हामी हामीलाई उपलब्ध गराइएको निर्देशन अनुसार अनुकूल हुन जारी राख्छौं। म तपाईंलाई के बताउन सक्छु भने यस प्रतिक्रियाका लागि लाग्ने समयको पर्वाह बिना यो सिटी संवेदनशील सेवाहरू, विश्वसनीय जानकारी र स्थिर नेतृत्व प्रदान गर्न प्रतिबद्ध छ।

यसमा भविष्यका लागि योजना बनाउने पनि समावेश छ। हामीलाई यस अवस्थाले मात्र एक हप्तामा हाम्रा जनता र हाम्रा व्यवसायहरूमा निम्त्याएको असाधारण आर्थिक भार बारे थाहा छ। यसका लागि राहत उपलब्ध गराउन संघीय र राज्य सरकारबाट सकारात्मक प्रारम्भिक कदमहरू चालिएका छन् र हामी हाम्रा समुदायका लाभहरू सुनिश्चित गर्न हाम्रो सिटीको भूमिका के हुनेछ भनी निर्धारण गर्न काम गरिरहेका छौं।

हामी यस संकटको अवस्थामा मात्र नभएर भविष्यमा पनि हाम्रा जनतालाई मद्दत गर्न हाम्रा कार्यक्रमहरू र पहलहरू कसरी सहयोगी हुन सक्छन् भन्ने बारे खोजिरहेका छौं। हामी हामीले पछिल्लो दशकमा बनाएको आर्थिक गतिलाई कायम राख्न र मानिसहरूलाई उहाँहरूको आफ्नै घर र जागिरमा सुरक्षित र स्थायी राख्न चाहन्छौं।

टेलिभिजन र सामाजिक सञ्जालमा आउने सूचनाको साथमा नवीनतम रहन वा हामी घरमा हुँदा हाम्रा लागि के सान्दर्भिक हुन्छ भनी थाहा पाउन पनि गाह्रो हुन सक्छ। यस प्रकारको आपतकालीन स्वास्थ्य अवस्थामा, केन्ट काउण्टी स्वास्थ्य विभाग (Kent County Health Department) सहकार्यमा नेतृत्व लिन्छ, जसकारण म तपाईंलाई तिनीहरूको अद्यावधिकहरूका लागि तपाईंलाई यहाँ साइन अप गर्न प्रोत्साहन गर्छु। यदि तपाईंसँग सिटीका सेवाहरू बारे प्रश्नहरू छन् भने, तपाईंले जवाफहरूका लागि 3-1-1 मा फोन गर्न सक्नुहुन्छ।

यो गाह्रो छ - यसमा कुनै शंका छैन। तर मलाई थाहा छ हामी चुनौतीका लागि तयार छौं। आफ्नो ख्याल राख्नुहोस्। आफ्नो परिवार र छिमेकीहरूको ख्याल राख्नुहोस्। यस समयमा फ्रन्टलाइनमा रहेका स्वास्थ्य, सेवा र अन्य कर्मचारीहरू प्रति आभार प्रकट गर्नुहोस्। मलाई लाग्दैन कि हामीले जसरी चुनौतीहरूको सामना गर्न तयारी गरेका छौं अन्य कुनै सिटीले गरेको छ।

भवदीय,

Rosalynn Bliss

Rosalynn Bliss